## २४ औं वन्यजन्तु सप्ताह, वैशाख १-७, २०७६ को अवसरमा
## माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतले दिनु भएको सन्देश

सर्व-प्रथम नववर्ष २०७६, सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुको निम्ति सुख, शान्ति र समृद्धिको वर्ष बनोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु । वन्यजन्तु एवं जैविक विविधता संरक्षण र व्यवस्थापनको महत्व एवं मूल्यबारे जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले विगत २३ वर्ष देखि मनाउन शुरु गरिएको वन्यजन्तु सप्ताह यस वर्ष पनि **"वन्यजन्तु संरक्षणका लागि सहकार्य"** भन्ने नाराका साथ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सप्ताहव्यापी कार्यक्रम सहित मनाउन लागिरहेको छ । यो २४ औं वन्यजन्तु सप्ताहको पूर्ण सफलताको म हार्दिक शुभकामना व्यक्त गर्दछु । यस अवसरमा वन्यजन्तु संरक्षण र व्यवस्थापनको क्षेत्रमा क्रियाशिल सबै सरकारी, गैरसरकारी संघसंस्था तथा सबै महानुभावहरुलाई हार्दिक बधाइ समेत ज्ञापन गर्दछु ।

विश्वमान चित्रमा जनसंख्या र क्षेत्रफलको दृष्ट्रिले मध्यमखालको देश नेपाल वन, वन्यजन्तु, वनस्पति एवं जैविक विविधताको दृष्टिले निकै सम्पन्न मुलुक हो । हाल नेपालमा १२ वटा राष्ट्रिय निकुञ्ज, १ वटा वन्यजन्तु आरक्ष, १ वटा शिकार आरक्ष र ६ वटा संरक्षण क्षेत्र सहित १३ वटा मध्यवर्ती क्षेत्र रहेका छन् । यी संरक्षित क्षेत्रहरुले नेपालको कूल क्षेत्रफलको २३.३९ प्रतिशत भू-भाग ओगटेको छ । लोपोन्मुख र संकटापन्न अवस्थामा रहेका वन्यजन्तुको संरक्षित क्षेत्र, प्राणी उद्यान मार्फत स्वःस्थानीय र परःस्थानीय संरक्षणका कार्यहरु भइरहेका छन् । बाघ, गैडा, हिँउचितुवा, हात्ती लगायतका संकटापन्न अवस्थामा रहेका वन्यजन्तुको संरक्षणमा नेपालले प्राप्त गरेको सफलता विशेष उदाहरणीय छ ।

संरक्षित क्षेत्रहरु स्वदेशी तथा विदेशी पर्यटकका लागि प्रमुख पर्यटकीय गन्तब्यको रुपमा रहदै आएका छन् । वन्यजन्तु लगायतका प्राकृतिक सौन्दर्यताको कारण नेपाल भित्रिने विदेशी पर्यटकहरु मध्ये ६० प्रतिशत भन्दा बढी पर्यटकहरु संरक्षित क्षेत्रहरुमा भ्रमण गर्ने गर्दछन् । यसरी संरक्षण मार्फत पर्यापर्यटनमा अभिबृद्धि भै स्थानीय समुदायको आयआर्जनमा वृद्धि हुनुका साथै समग्र देशको अर्थतन्त्रमा समेत टेवा पुग्दै आएको छ ।

संरक्षित क्षेत्रबाट स्थानीय समुदायलाई बढी भन्दा बढी लाभको समन्यायिक वितरण गर्न, संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायलाई अर्थपूर्ण रुपमा सहभागी गराउन मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम मार्फत संरक्षित क्षेत्रले आर्जन गरेको आम्दानीको ३० देखि ५० प्रतिशतसम्म स्थानीय समुदायको सामुदायिक विकास; जैविक विविधता संरक्षण, आय आर्ज र रोजगारी सिर्जना गर्ने कार्यक्रमहरुमा खर्च हुदै आएको छ । मध्यवर्ती क्षेत्रमा सञ्चालन भएका संरक्षण कार्यकमहरुले स्थानीय समुदायहरुलाई संरक्षण र व्यवस्थापनको कार्यमा सहभागी गराउन निकै सफल भएको मैले महशुस गरेको छु ।

वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र व्यवस्थापनका लागि तीनै तहका सरकार, स्थानीय समुदाय लगायत सबैको सहकार्य जरुरी छ । नेपाल संघिय संरचनामा रुपान्तरण भइरहेको यस अवस्थामा वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, व्यवस्थापन तथा तीनबाट प्राप्त हुने लाभको न्यायोचित वितरण गर्ने कार्यमा पनि संघ, प्रदेश र स्थानीय तह बीच निरन्तर समन्वय र सहकार्य आवश्यक पर्दछ ।

वन्यजन्तु एवं जैविक विविधताको संरक्षणमा नेपालले गरेका प्रयास र हासिल गरेका उपलब्धीहरु अन्तर्राष्ट्रियस्तरमा समेत प्रशंसनीय रहदै आएका छन् । यति हुँदाहुदै पनि वन्यजन्तु, जैविक विविधता, भूदृश्य र प्राकृतिक सम्पदाहरुको क्षेत्रको रुपमा रहेको संरक्षित क्षेत्रको संरक्षण र व्यवस्थापन कार्यमा केही चुनौतिहरु पनि सामना गर्न परिरहेको छ । वन्यजन्तु बासस्थानको विनाश तथा क्षयीकरण, अतिक्रमण, अत्यधिक र अव्यवस्थित भौतिक पूर्वाधारहरुको निर्माण, वन्यजन्तुका अंगहरुको अवैध व्यापार, मिचाहा प्रजाति, मानव वन्यजन्तु द्वन्द मूख्य चुनौतिको रुपमा रहदै आएका छन् । मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरणका लागि नविनतम् प्रविधिहरुको प्रयोग गर्दै लैजाने र समायनुकुल राहत रकममा बृद्धि गर्ने उद्देश्य अनुरुप हालै वन्यजन्तु राहत निर्देशिका २०६९ ( तेश्रो संसोधन २०७५) मार्फत जनताका समस्यालाई अधिकतम सम्बोधन गर्ने प्रयास गरिएको छ । मानव र वन्यजन्तु बीच द्वन्द नै नहुने स्थितिको सृजना गर्न नविनतम प्रविधिहरुको प्रयोग र वन्यजन्तुको उचित व्यवस्थापन गर्ने तर्फ समेत अग्रसर हुन म सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछु । संरक्षणमा लागेका जिम्मेवार सरोकार पक्षहरुको सहकार्यबाट नै वन्यजन्तु एवं जैविक विविधता संरक्षण कार्य सम्भव देखिन्छ । व्यवस्थापनमा देखिएका समस्या र चुनौतिहरुलाई क्रमशः न्यूनिकरण र निराकरण गर्दै वन्यजन्तु एवं जैविक विविधताको संरक्षण र तीनको उचित व्यवस्थापन मार्फत स्थानीय समुदाय र समग्र राष्ट्रको समृद्धिमा योगदान पुर्‍याउने दिशामा कार्यक्रम परिलक्षित गरी कार्यान्वयनमा कटिबद्ध रहन सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय एवं सम्बद्ध पक्षलाई म अनुरोध गर्न चाहन्छु ।

अन्त्यमा, वन्यजन्तुको बासस्थान व्यवस्थापन, संकटापन्न वन्यजन्तुको संरक्षण, चोरीशिकार तथा अवैध व्यापार नियन्त्रण, भू-परिरिस्तरीय संरक्षण विस्तार एवं संरक्षण सचेतना कार्यक्रममा जोड दिई मानव-वन्यजन्तु सहअस्तित्वको लागि हामी सबै नेपालीहरुको सहकार्य अपरिहार्य छ । वन्यजन्तुको सरक्षणबाट पारिस्थिकिय प्रणाली तथा वातावरणीय सन्तुलन तथा मानव वन्यजन्तु वीचको सहअस्तित्व कायम राख्दै प्रकृतिमा आधारीत पर्यटन मार्फत **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय संकल्पमा योगदान पुर्‍याउने दिशामा सम्पूर्ण नागरिक, बौद्धिक समाज, सरकारी तथा गैरसरकारी निकाय, नीजि क्षेत्र, पत्रकार एवं सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दै पूनः **२४ औं वन्यजन्तु सप्ताह-२०७६** को सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।